केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४११४०७
फ्याक्स : ४१४५५२
E-mail : <bkpromot@htp.com.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/२२/०६५/६६ मिति : २०६५/०८/२६

सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयका सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. यस बैकको पत्र संख्या बै.वि.नि.वि./नीति/परिपत्र/३५/०६४/६५ मिति २०६५/०१/०३ को परिपत्रको बुँदा नं. (क) बमोजिम *"यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक/वित्तीय संस्थाहरुले कायम गर्नु पर्ने न्यूनतम पूँजी कोष अनुपात जुनसुकै बखत पनि तोकिएको अनुपातमा कायम रहेको हुनु पर्नेछ । यसका साथै, इजाजतपत्रप्राप्त संस्थाले प्रत्येक महिनाको मसान्तको वित्तीय विवरणहरुको आधारमा संलग्न निर्देशन फा.नं. १.१ र १.२ बमोजिम पूँजीकोष सम्बन्धी विवरणहरु तयार गरी आन्तरिक लेखापरीक्षकबाट प्रमाणित गराई यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग तथा सम्बन्धित सुपरिवेक्षण विभागमा प्रत्येक महिना समाप्त भएको मितिले एक महिना भित्र पठाइ सक्नु पर्नेछ । साथै, यसरी प्रत्येक महिनाको मसान्तमा तोकिएको अनुपातमा पूँजीकोष कायम गर्न नसकेमा लाभांस तथा बोनस शेयर समेत वितरण गर्न पाईने छैन ।"* भन्ने नीतिगत व्यवस्था कायम भएकोमा सो व्यवस्था पछि देहाय बमोजिमको व्यवस्था थप गर्ने ।

**कथंकदाचित मासिक रुपमा आन्तरिक लेखापरीक्षण गराएर पेश गर्न नसकेमा मासिक विवरणमा सो व्यहोरा खुलाउनुपर्नेछ । तर, त्रैमासको अन्त्यको विवरण भने अनिवार्यरुपमा आन्तरिक लेखापरीक्षकबाट प्रमाणित गराएर नै पेश गर्नुपर्नेछ ।**

२. यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैक तथा बित्तीय संस्थाहरुले अन्य बैंक तथा वित्तीय संस्थाहरुलाई प्रदान गर्ने सापटी/लगानीलाई नियमित कर्जा सापट *(Regular Credit Facility)* को रुपमा नभई अन्तरबैंक कारोवार/सापटी/लगानी *(Interbank Transactions/Borrowings/Investment)* को रुपमा मात्र प्रयोग गर्न पाउने ।

भवदीय,

(नारायण प्रसाद पौडेल)
निर्देशक

**<u>बोधार्थ :</u>**

१. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
२. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
५. श्री नेपाल राष्ट्र बैंक, जिल्ला स्थित कार्यालयहरु ।
६. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
७. श्री विकास बैंक तथा वित्तीय संस्था संघ नेपाल, बबरमहल, काठमाण्डौं ।
८. श्री नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं ।